**आकाशवाणी खरसाङ, प्रादेशिक समाचारः नेपाली**

मितिः १७ जून २०२४

समयः १८ः५० - १६ः०० बजे

**प्रमुख समाचार**

१. आज भएको कञ्चनजङ्घा एक्सप्रेस मालवाहक रेल दुर्घटना स्थलको रेलमन्त्री अश्विनी वैष्णव तथा दार्जिलिङका सासद राजु विस्टले भ्रमण गर्दै स्थिती बारेको ब्रिस्तित जानकारी लिनुभएको छ।

२. रेल दुर्घटनामा पर्ने मृतकका परिवारलाई १० लाख, गम्भीर घाइतेलाई दुई लाख ५० हजार र सामान्य घाइतेलाई ५० हजार प्रदान गरिने घोषणा गरिएको छ।

३. चुनावपछिको हिंसाका कारण घरबारविहीन भएका भाजपा कार्यकर्तालाई भेट्न भारतीय जनता पार्टीको चार सदस्यीय केन्द्रीय प्रतिनिधिमण्डल सोमबार कूचबिहार पुगेका छन।

४. हिज बेलुकी देखि अधिक परेको पानीले टिस्टाको जलस्तर बडेपछी टिस्टा भएर दार्जीलिङ कालेबुङ आवत जावत गर्ने सडक बन्द गरिएको छ।

५. भारत–नेपाल मित्रता र आर्थिक सहयोग' भन्ने नाराका साथ काठमाडौंमा आयोजित एक कार्यक्रममा नेपालका पूर्वप्रधानमन्त्री माधवकुमार नेपालले भारतको छिमेकी पहिलो नीतिको प्रशंसा गर्नुभएको छ।

**रेल दुर्घटना**

असमको सिल्चरबाट कोलकोताको सियालदहतर्फ जाँदै गरेको कञ्चनजङ्घा एक्सप्रेस मालबाहक रेलसँग ठोक्किँदा आठ जनाको मृत्यु भएको छ भने अन्य धेरै घाइते भएका छन्। न्यू जलपाईगुडी रेलवे स्टेशन नजिक आज बिहान दुर्घटना भएको छ भने राहत र उद्धारको काम जारी छ। रेलवेअधिकारीका अनुसार मालबाहक रेलले सिग्नललाई ओभरसट गरेर कञ्चनजङ्घा एक्सप्रेसको पछाडिको भागलाई ठक्कर दिएको थियो न्यू जलपाईगुडी नजिकै भएको रेल दुर्घटनाप्रति राष्ट्रपति द्रौपदी मुर्मू तथा उपराष्ट्रपति जगदीप धनखड़, प्रधानमन्त्री नरेन्द्र मोदीले लागायतले दुःख व्यक्त गर्नुभएको छ। राष्ट्रपति मुर्मुले सामाजिक सञ्जाल मार्फत रेल दुर्घटनामा ज्यान गुमाउनु दुःखद रहेको बताउदै शोक सन्तप्त परिवारजनप्रति आफ्नो समवेदना र प्रार्थना रहेको बताउनु भएको छ साथमा घाइतेको शीघ्र स्वास्थ्यलाभको कामना गर्दै राहत तथा उद्धारकार्यमा सफलताको कामना गर्नुभएको छ। यसैगरी उपराष्ट्रपति जगदीप धनखड़ले सामाजिक सञ्जालमार्फत शोक सन्तप्त परिवारजनमा गहिरो समवेदना व्यक्त गर्दै घाइतेको शीघ्र स्वास्थ्यलाभको कामना गर्नुभएको छ। यसैगरी प्रधानमन्त्री नरेन्द्र मोदीले न्यू जलपाईगुडी नजिकै भएको रेल दुर्घटनाप्रति दुःख व्यक्त गर्दै रेल दुर्घटना निकै दुःखद रहेको उल्लेख गर्दै मृतकका परिवारजनप्रति समवेदना व्यक्त गर्नुभएको छ भने घाइतेहरुको शीघ्र स्वास्थ्यलाभको कामना गर्नुभएको छ। अर्कोतिर उहाले प्रधानमन्त्री राष्ट्रिय राहत कोषबाट मृतकका परिवारलाई २-२ लाख रुपैयाँ तथा घाइतेलाई ५० हजार प्रदान गरिने घोषणा गर्नुभएको छ

****** ० ******

**रेलमंन्त्री**

आज भएको कञ्चनजङ्घा एक्सप्रेस मालवाहक रेल दुर्घटना स्थलको रेलमन्त्री अश्विनी वैष्णवले भ्रमण गर्दै स्थिती बारेको ब्रिस्तित जानकारी लिनुभएको छ। यसका साथै मृतक र घाइतेका परिवारलाई आर्थिक क्षतिपूर्तिको समेत घोषणा गरिएको छ। रेल मन्त्रीले यस दुर्घटनामा ज्यान गुमाउनेका परिवारलाई १० लाख क्षतिपूर्ति दिने बताएका छन्। गम्भीर घाइतेलाई उपचारका लागि रु दुई लाख ५० हजार र सामान्य घाइतेका परिवारलाई रु ५० देखि ५० हजार उपलब्ध गराइने छ।

****** ० ******

**विस्ट**

कञ्चनजङ्घा एक्सप्रेस दुर्घटनाका पीडितहरूलाई भेटघाट गर्न  नर्थ बङ्गाल मेडिकल कलेज एण्ड हस्पिटलमा रेलमन्त्री अश्विनी वैष्णव तथा दार्जिलिंगका सासद राजु बिष्ट पुगेको विस्टले सामाजिक संजाल मार्फत जनाएका छन साथमा यो त्रासदीको समयमाए केन्द्र सरकार र रेल मन्त्रालय पिडितहरुको साथमा रहेको बताउनु भएको छ घटनाको खबर पाउनसाथ् सासद बिस्ट घटना स्थल पुगेर राहात तथा बचाऊ कार्यमा जुटेका थिए

****** ० ******

**क्यालेब सुब्बा**

सिलगढ़ी नजिक रांगापानी स्टेशनमा भएको रेल दुर्घटनामा कालेबोङ जिल्लाको गोरूबथान निवासी पश्चिम बंगाल पुलिस बिभागमा कार्यरत एस आई क्यालेब सुब्बाको निधन भएको खबर प्राप्त भएको छ। आज बिहान असमको सिल्चरबाट कोलकाताको सियाल्दा जाँदै गरेको कङ्चनजङ्घा एक्सप्रेस दुर्घटनाग्रस्त भएको थियो। यस दुर्घटनामा ९ जनाको मृत्यु भएको छ भने धैरै घाइते भएका छन।

****** ० ******

**सिक्किम**

पहिरो प्रभाहित सिक्किम राज्यको मंगन जिल्लाको चुङ्थाङमा अलपत्र परेका पर्यटकहरूलाई आज  बिहानैदेखि बाहिर निकाल्न शुरु गरिएको छ।    मङ्गनका जिल्ला अधिकारी हेमकुमार क्षेत्रीले अलपत्र परेका पर्यटकलाई प्रभावित क्षेत्रबाट राज्यको राजधानी गान्तोकसम्म सडकबाट निकाल्ने काम सुरु गरिएको जानकारी दिनुभयो।

****** ० ******

ईद-उल-अजहा

आज इदुल अजहा पर्व मनाइँदैछ। यस अवसरमा देशभरमा इदगाह र मस्जिदमा इदको नमाज (अदा गरिएको ) पढिएको छ। दिल्लीको जामा मस्जिदए  फतेहपुरी मस्जिद र शाही इदगाहमा मुख्य प्रार्थना भएको थियो।  राष्ट्रपति द्रौपदी मुर्मू, उपराष्ट्रपति जगदीप धनखड़ प्रधानमन्त्री नरेन्द्र मोदीले लगायतले ईद-उल-अजहाको अवसरमा शुभकामना दिनुभएको छ।

****** ० ******

**टिस्टा**

हिज बेलुकी देखि अधिक रूपमा परेको पानीले टिस्टाको जलस्तर बडेको कारण दार्जीलिङ जाने सडकमा आज बिहान देखी  फेरि पानी पसेको छ। जसको कारण टिस्टा भएर दार्जीलिङ कालेबुङ आवत जावत गर्ने सडक बन्द गरिएको छ।  यसरी नै कालेबुङ जिल्ला अन्तर्गत चित्रेदेखी मल्ली जाने सडक पनि बिहान देखी बन्द राखिएको छ। गडेरी खोलामा पहिरोले सडक क्षतिग्रिस्त पारेको कारण उक्त सडकको मरम्मत्ती चलिरहेकोले  सडक बन्द गरिएको कालेबुङ जिल्ला प्रशासनले बताएको छ। चित्रेदेखी मल्लीसम्म पुग्ने  गडेरी खोलाको  सडक बन्द भएपछि मानिसहरु अहिले मन्सोङ भएर हिड्न बाध्य भएका छन्। बाटो कहिले देखि खोलिने बारे अहिले पनि अनिश्चितता छाएको छ।

****** ० ******

**भारत–नेपाल**

भारत–नेपाल मित्रता र आर्थिक सहयोग' भन्ने नाराका साथ काठमाडौं उपत्यकामा आयोजित एक कार्यक्रममा नेपालका पूर्वप्रधानमन्त्री माधवकुमार नेपालले भारतको छिमेकी पहिलो नीतिको प्रशंसा गरेका छन । उहाँले विश्वको सबैभन्दा ठूलो लोकतन्त्रबाट चुनाव गराउने उत्कृष्ट अभ्यास नेपालले सिक्नु जरुरी रहेको बताउनु भएको छ। संस्कृतिए पर्यटन तथा नागरिक उड्डयनमन्त्री हितबहादुर तामाङले कार्यक्रमलाई सम्बोधन गर्दै नेपाल–भारत सम्बन्ध सरकार–सरकारको सम्बन्धमा मात्र नभई जनता–जनताको सम्बन्धमा आधारित रहेको बताउनु भयो । समाजको विकासमा योगदान पुर्याउने नागरिक समाजलाई एसिया प्यासिफिक एक्सिलेन्स अवार्ड प्रदान गर्ने क्रममा नेपालका लागि भारतका पूर्व राजदूत केभी राजनले हरेक समाजको उत्थान र छिमेकी मुलुकबीचको बन्धनलाई मजबुत बनाउन नागरिक समाजको भूमिकामा प्रकाश पारेका थिए।

****** ० ******

**चुनावपछिको हिंसा**

चुनावपछिको हिंसाका कारण घरबारविहीन भएका भाजपा कार्यकर्तालाई भेट्न भारतीय जनता पार्टीको चार सदस्यीय केन्द्रीय प्रतिनिधिमण्डल सोमबार कूचबिहार पुगेका छन । प्रतिनिधिमण्डलमा सांसद रविशंकर प्रसादए बिप्लब देबए बृजलाल र कविता पाटीदार सामेल छन्। प्रतिनिधिमण्डलले कूचबिहार जिल्ला भाजपा कार्यालयमा पीडित भाजपा कार्यकर्ताहरूसँग कुराकानी गरेको थिए। कार्यकर्ताहरूसँगको अन्तरक्रियाको क्रममा एक सिविक वालंटियर भाजपा पार्टी कार्यालयमा प्रवेश गरेका थिए। यसले तनावपूर्ण स्थिति निम्त्यायो। भाजपाको आरोप छ कि पुलिसले सिविक वालंटियरलाई भित्री जानकारी प्राप्त गर्न पठाएको थियो। यद्यपिए भाजपा नेतृत्वको उपस्थितिमा सिविक वालंटियरलाई पार्टी कार्यालयबाट निकालिएको थियो। त्यसपछि भाजपा केन्द्रीय कमिटीका प्रतिनिधिहरू भाजपा पार्टी कार्यालयबाट सीधै घाइते कार्यकर्ताहरूलाई भेट्न कूचबिहारको चकचकास्थित एक निजी अस्पतालमा पुगेका थिए जहा उनीहरुको उपचार चलीरहेको छ। केन्द्रीय प्रतिनिधिमण्डलका सदस्य एवं सांसद रविशंकर प्रसादले भाजपा कार्यकर्तामाथि भएको अत्याचारका लागि राज्य सरकारको चर्को आलोचना गर्नुभएको छ उहाले भन्नुभयो चुनावमा हार र जित आवस्य हुन्छ यसको अर्थ यो होइन कि तपाईंले विरोधीहरूका कार्यकर्ताहरूलाई दमन गर्नुहुनेछ। राज्यको मुख्यमन्त्री स्वयं एक महिला हुन्ए तर यहाँ महिलामाथि निरन्तर अत्याचार भइरहेको छ। यसको जवाब मुख्यमंत्रीले दिनुपर्छ।

****** ० ******

**मन की बात**

प्रधानमन्त्री नरेन्द्र मोदीले यसै महिनाको ३० तारिखका दिन आकाशवाणीबाट श्मन की बातश कार्यक्रमको माध्यमबाट आफ्ना विचारहरू साझा गर्नुहुनेछ। रेडियो कार्यक्रमको यो १११ औं श्रृङ्खला हुनेछ । मोदी लगातार तेस्रो कार्यकालका लागि प्रधानमन्त्रीमा निर्वाचित भएपछि यो पहिलो श्मन की बातश कार्यक्रम हो । यस कार्यक्रमको निम्ती तपाईहरु आफ्नो विचार र सुझावहरू टोल फ्री नम्बर १८००-११-७८०० मार्फत साझा गर्न सक्नुहुनेछ भने नरेन्द्र मोदी एप वा माई**जीओवी** ओपन फोरममा पनि अनलाइनमार्फत सुझाव दिन सकिन्छ । आगामी जुन २८ तारिखसम्ममा पठाइएका सुझाव र विचारलाई कार्यक्रममा समावेश गरिनेछ ।

****** ० ******

**पब्लिक स्पीक**

आकाशवाणी समाचार सेवा प्रभागले आज राति आफ्नो साप्ताहिक "पब्लिक स्पीक" कार्यक्रममा "स्वास्थ्य र **आरोग्य**को लागि योग" विषयमा छलफल गर्नेछ। कार्यक्रममा योग विशेषज्ञ डा. सुरक्षा गोस्वामी र मोरारजी देसाई **राष्ट्रीय योग** संस्थानका योग थेरापी विभागका डा. ईश्वर एन आचार्यले योगका विविध पक्षबारे जानकारी दिनुहुनेछ। कार्यक्रममा श्रोताहरुले 011-23421050 र 23314444 टेलिफोन नम्बरहरूमा विशेषज्ञहरूलाई प्रश्नहरू सोध्न सक्नेछन। यसका साथै ह्वाट्सएप नम्बर 92890940444 मापनि प्रश्न पठाउन सक्नेछ।

****** ० ******

**मौसम**

मौसम विभागका अनुसार उत्तर प्रदेशए हिमाचल प्रदेशए पञ्जाबए हरियाणा र दिल्लीका केही स्थानमा आगामी दुई दिनसम्म भीषण गर्मी बढ्ने अनुमान गरिएको छ। उत्तर–पश्चिम भारतबाट आउने पश्चिमी विक्षोभको प्रभावले अत्यधिक गर्मीको अवस्था क्रमशः कम हुँदै जाने मौसम विभागले पूर्वानुमान गरेको छ। यसका साथै जम्मू–कश्मीरए उत्तरी मध्य प्रदेश र तटीय आन्ध्र प्रदेशए राजस्थानए विदर्भ र पश्चिम बङ्गालको गंगीय भागहरूमा पनि भीषण गर्मीको सम्भावना छ।

****** ० ******